बैठक संख्या:०१
समय:बिहान ११:०० बजे
मिति:२०८१/०४/१५ गते
आ.व. २०८१/०८२

आज मिति २०८१ साल श्रावण महिनाको १५ गते मंगलबारका दिन यस दुङ्गेश्वर गाउँपालिकाका अध्यक्ष श्री सुन्दर कुमार के. सी. ज्यूको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक तपसिलका पदाधिकारीहरुको उपस्थितिमा बसी तपसिल बमोजिमका निर्णयहरु गरियो।

**उपस्थिति:**

| | |
|---|---|
| श्री सुन्दर कुमार के.सी. | गाउँपालिका अध्यक्ष |
| श्री कलावती न्यौपाने | गाउँपालिका उपाध्यक्ष |
| श्री श्याम बहादुर राना | वडा अध्यक्ष वडा नं. १ |
| श्री यम बहादुर बिष्ट | वडा अध्यक्ष वडा नं. २ |
| श्री कृष्ण बहादुर खत्री | वडा अध्यक्ष वडा नं. ३ |
| श्री नगेन्द्र बहादुर बुढा | वडा अध्यक्ष वडा नं. ४ |
| श्री पर्वलाल शर्मा जैसी | वडा अध्यक्ष वडा नं. ५ |
| श्री मान बहादुर थापा मगर | वडा अध्यक्ष वडा नं. ६ |
| श्री प्रमिला सुनार | कार्यपालिका सदस्य |
| श्री सुन्तली कुमारी वि.क. | कार्यपालिका सदस्य |
| श्री कमला वि.क. | कार्यपालिका सदस्य |
| श्री शान्ती कुमारी बुढा | कार्यपालिका सदस्य |
| श्री चन्द्रा वि.क. | कार्यपालिका सदस्य |
| श्री खिमा कुमारी उपाध्याय | कार्यपालिका सदस्य |
| श्री मनिराम खराल | प्रमुख प्रशासकीय अधिकृत, सदस्य सचिव |

**सहयोगी कर्मचारीहरु:**

श्री टंक बहादुर कार्की, लेखा अधिकृत
श्री नन्दराज रेग्मी, सुचना प्रविधि अधिकृत
श्री आशिष न्यौपाने, कार्यालय सहयोगी

CamScanner

कार्यपालिकाको मिति २०८१/०४/१५ को ०७ औं बैठकको निर्णय प्रमाणित गर्दछु ।

प्रस्तावहरुः

१. गत/विगतका निर्णयहरुको समिक्षा सम्बन्धमा ।

२. आर्थिक वर्ष २०८०/०८१ को आय/व्यय समिक्षा सम्बन्धमा ।

३. करार कर्मचारी तथा शिक्षकहरुको म्याद थप सम्बन्धमा ।

४. साझेदारीबाट संचालित करार कर्मचारीहरुको म्याद थप सम्बन्धमा ।

५. सूचना प्रविधि अधिकृतको तलब भत्ता सम्बन्धमा ।

६. कार्य सम्पादन करार सम्झौता गर्ने सम्बन्धमा ।

७. उच्च प्रभावयुक्त सामुदायिक विकास परियोजना (HICDPS) को प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

८. हेल्भट्रास नेपाल सँग खानेपानी योजना माग सम्बन्धमा ।

९. चालु आ.व.का योजना संचालन तथा कार्यान्वयन सम्बन्धमा ।

१०. शिक्षकको दरबन्दी परिवर्तन गरी विज्ञापनका लागि अनुमति दिने सम्बन्धमा ।

११. ज्यालादारी रकम भुक्तानी सम्बन्धमा ।

डुङ्गेश्वर गाउँ कार्यपालिकाको मिति 2081/04/14 को
05...औं बैठकको निर्णय प्रमाणित गर्दछु ।

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा आर्थिक वर्ष २०८०/०८१ को विभिन्न मिति भएका कार्यपालिकाका निर्णयहरु सम्पूर्ण निर्णयहरु समिक्षा गरीयो । सबै जसो निर्णयहरु कार्यान्वयन भएको जानकारी गरियो ।

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा आर्थिक वर्ष २०८०/०८१ को आय/व्यय माथि समिक्षा गरियो । गत आवमा संचालन भएका केही योजना तथा कार्यक्रमहरु भुक्तानी हुन बाँकी रहेकोले बाँकी रहेका योजना तथा कार्यक्रमहरुको कच्चावारी (म.ले.प.फा.नं. २२१) भरी आगामी आर्थिक वर्ष २०८१/०८२ को विनियोजित बजेट तथा कार्यक्रमबाट भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा डुङ्गेश्वर गाउँपालिकाबाट तलब भत्ता खाने करार कर्मचारीहरु तथा शिक्षकहरुलाई मिति २०८१ श्रावण १ देखि मिति २०८१ असोज मसान्तसम्मका लागि म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस गाउँपालिकामा कार्यरत सर्सत अनुदान र साझेदारीबाट तलब भत्ता भुक्तानी हुने करार कर्मचारीहरु (सूचना प्रविधि अधिकृत, प्रधानमन्त्री रोजगार कार्यक्रम, सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा तथा एक गाउँ एक प्राविधिक र कृषि स्नातक प्राविधिक) का कर्मचारीहरुको करार म्याद मिति २०८१ श्रावण १ गते देखि आर्थिक वर्ष २०८१/०८२ को असार मसान्तसम्मका लागि थप गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा आ.व. २०८१/०८२ मा लागु हुने गरी यस डुङ्गेश्वर गाउँपालिकामा कार्यरत सुचना प्रविधि अधिकृतको तलब भत्ता नेपाल सरकारको रा.प. तृतिय श्रेणी ले पाउने सुविधा (तलब भत्ता, स्थानीय भत्ता, महङ्गी भत्ता, चाडपर्व खर्च र पोसाक भत्ता) बराबरको रकमको आधारभूत तलब भत्ता (तलब भत्ता) को ७५ प्रतिशत (PLGSP) बाट र अरु सम्पूर्ण थप व्ययभार गाउँपालिकाले व्यहोर्ने  निर्णय गरियो ।

निर्णय नं. ६

बैठक संख्या:०२

समय:बिहान १०:३० बजे

मिति:२०८१/०५/१८ गते

आ.ब. २०८१/०८२

आज मिति २०८१ साल भदौ महिनाको १८ गते मंगलबारका दिन यस हुलेश्वर गाउँपालिकाका अध्यक्ष श्री सुन्दर कुमार के. सी. ज्यूको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक तपसिलका पदाधिकारीहरुको उपस्थितिमा बसी तपसिल बमोजिमका निर्णयहरु गरियो।

उपस्थिति:

| | |
|---|---|
| श्री सुन्दर कुमार के.सी. | गाउँपालिका अध्यक्ष |
| श्री कलावती न्यौपाने | गाउँपालिका उपाध्यक्ष |
| श्री श्याम बहादुर राना | वडा अध्यक्ष वडा नं. १ |
| श्री यम बहादुर बिष्ट | वडा अध्यक्ष वडा नं. २ |
| श्री कृष्ण बहादुर खत्री | वडा अध्यक्ष वडा नं. ३ |
| श्री नगेन्द्र बहादुर बुढा | वडा अध्यक्ष वडा नं. ४ |
| श्री पर्वलाल शर्मा जैसी | वडा अध्यक्ष वडा नं. ५ |
| श्री मान बहादुर थापा मगर | वडा अध्यक्ष वडा नं. ६ |
| श्री प्रमिला सुनार | कार्यपालिका सदस्य |
| श्री सुन्तली कुमारी बि.क. | कार्यपालिका सदस्य |
| श्री कमला बि.क. | कार्यपालिका सदस्य |
| श्री शान्ती कुमारी बुढा | कार्यपालिका सदस्य |
| श्री चन्द्रा बि.क. | कार्यपालिका सदस्य |
| श्री खिमा कुमारी उपाध्याय | कार्यपालिका सदस्य |
| श्री मणिराम खराल | प्रमुख प्रशासकीय अधिकृत, सदस्य सचिव |

सहयोगी कर्मचारीहरु:

श्री टंक बहादुर कार्की, लेखा अधिकृत

श्री नन्दराज रेग्मी, सुचना प्रविधि अधिकृत

श्री आशिष न्यौपाने, कार्यालय सहयोगी

...गाउँ कार्यपालिकाको
मिति २०८१/६/१८ ...को
...औं बैठकको निर्णय
प्रमाणित गर्दछु ।

प्रस्तावहरु:

१. अघिल्लो बैठकको निर्णयहरुको समिक्षा सम्बन्धमा ।

२. आर्थिक वर्ष २०८०/०८१ को अन्तिम सार्वजनिक सुनुवाई सम्बन्धमा ।

३. एकीकृत वार्षिक कार्ययोजना निर्माण एवं स्वीकृत सम्बन्धमा ।

४. मध्यकालीन खर्च संरचना र संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धमा

५. कार्यलयमा प्राप्त विभिन्न निवेदनहरु सम्बन्धमा ।

६. सडक सरसफाई सम्बन्धमा ।

७. टोल विकास समिति गठन सम्बन्धमा ।

...गाउँ कार्यपालिकाको
मिति २०८१/६/१८ ...को
...औं बैठकको निर्णय
प्रमाणित गर्दछु ।

दुङ्गेश्वर गाउँ कार्यपालिकाको
मिति २०८१/५/१८ को
९ औं बैठकको निर्णय
प्रमाणित गर्दछु ।

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८१/०४/१५ गते भएका कार्यपालिकाका निर्णयहरु सम्पूर्ण निर्णयहरु समिक्षा गरीयो धेरै जसो निर्णयहरु कार्यान्वयन भएको जानकारी भयो ।

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा आर्थिक वर्ष २०८०/०८१ को अन्तिम सार्वजनिक सुनुवाई मिति २०८१/०५/२७ गते संचालन गर्ने र सार्वनिक सुनुवाई संचालनको लागि सूचना प्रकाशन गर्नका लागि दुङ्गेश्वर गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा दुङ्गेश्वर गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक कार्ययोजना स्वीकृत गरि कार्यान्वयनको लागि दुङ्गेश्वर गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा दुङ्गेश्वर गाउँपालिकाको मध्यकालीन खर्च संरचना र संगठन तथा व्यवस्थापन सर्वेक्षण तर्जुमाको लागि प्रक्रिया अगाडि बढाउन दुङ्गेश्वर गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा दुङ्गेश्वर गाउँ कार्यपालिकामा प्राप्त निवेदनहरुको विषयमा तपसिल बमोजिमका निर्णयहरु गर्ने निर्णय गरियो ।

(क) श्री पीपल चौतारा माध्यमिक विद्यालयबाट प्राप्त घरभाडा सम्झौता सम्बन्धमा सम्बन्धित विद्यालय व्यवस्थापन समितिसँग छलफल तथा वार्ता गरी सम्झौता गरी भुक्तानी गर्ने निर्णय गरियो ।

(ख) श्री सीता जनसहयोग माध्यमिक विद्यालय वडा नं. ४, श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय वडा नं ३ र सरस्वति माध्यमिक विद्यालयमा शिक्षक दरबन्दी माग सम्बन्धमा गाउँ शिक्षा विकास समितिमा छलफल गरी निर्णय पेश गर्ने निर्देशन दिने निर्णय गरियो ।

(ग) दुङ्गेश्वर गाउँपालिका वडा नं. १ मा प्रदेश सरकारबाट स्वीकृत भएको वडा कार्यालय भवनको तलाथप निर्माणमा बजेट कम आएकोले थप बजेट मागको लागि प्रदेश सरकार सँग बजेट मागको लागि अनुरोध गर्ने निर्णय गरियो ।

दुङ्गेश्वर गाउँ कार्यपालिकाको
मिति २०८१/५/१८ को
९ औं बैठकको निर्णय
प्रमाणित गर्दछु ।

दुडेधर गाउँ कार्यपालिकाको
मिति २०८१/६/१८ को
९ औं बैठकको निर्णय
प्रमाणित गर्दछु ।

(घ) स्वास्थ्य चौकीहरुमा कार्यरत ~~२४ घण्टे परिवार स्वास्थ्य कार्यक्रमका~~ अनमीहरु ४ (चार) जनालाई मिति २०८१ कार्तिक १ गते देखि लागु हुने गरी चौथो तहको अ.न.मि. सरह सेवा सुविधा दिने निर्णय गरियो ।

निर्णय नं. ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा सडक सरसफाई गर्दा सबै वडाहरुले प्रक्रिया पुरा गरी कार्यान्वयन गर्न हुन निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा दुडेधर गाउँपालिकाको टोल विकास समितिको निर्देशिका २०७५ अध्ययन गरी आवश्यक भएमा संशोधन समेतको प्रस्ताव तयार गर्न दुडेधर गाउँपालिकाको विधायन समितिलाई निर्देशन दिने निर्णय गरियो ।

दुडेधर गाउँ कार्यपालिकाको
मिति २०८१/६/१८ को
९ औं बैठकको निर्णय
प्रमाणित गर्दछु ।

बैठक संख्या:०३
समय:बिहान ०१:०० बजे
मिति:२०८१/०६/०९ गते
आ.व. २०८१/०८२

आज मिति २०८१ साल असोज महिनाको ०९ गते बुधबारका दिन यस ढुङ्गेश्वर गाउँपालिकाका अध्यक्ष श्री सुन्दर कुमार के. सी. ज्यूको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक तपसिलका पदाधिकारीहरुको उपस्थितिमा बसी तपसिल बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिति:

| | |
|---|---|
| श्री सुन्दर कुमार के.सी. | गाउँपालिका अध्यक्ष |
| श्री कलावती न्यौपाने | गाउँपालिका उपाध्यक्ष |
| श्री श्याम बहादुर राना | वडा अध्यक्ष वडा नं. १ |
| श्री रमेश बहादुर हिरोजक | का.वा.वडा अध्यक्ष वडा नं. २ |
| श्री कृष्ण बहादुर खत्री | वडा अध्यक्ष वडा नं. ३ |
| श्री नगेन्द्र बहादुर बुढा | वडा अध्यक्ष वडा नं. ४ |
| श्री पर्वलाल शर्मा जैसी | वडा अध्यक्ष वडा नं. ५ |
| श्री मान बहादुर थापा मगर | वडा अध्यक्ष वडा नं. ६ |
| श्री प्रमिला सुनार | कार्यपालिका सदस्य |
| श्री सुन्तली कुमारी वि.क. | कार्यपालिका सदस्य |
| श्री कमला वि.क. | कार्यपालिका सदस्य |
| श्री शान्ती कुमारी बुढा | कार्यपालिका सदस्य |
| श्री चन्द्रा वि.क. | कार्यपालिका सदस्य |
| श्री खिमा कुमारी उपाध्याय | कार्यपालिका सदस्य |
| श्री ललित कुमार थापा | प्रमुख प्रशासकीय अधिकृत, सदस्य सचिव |

सहभागी कर्मचारीहरु:

श्री नन्दराज रेग्मी, सूचना प्रविधि अधिकृत
श्री गोकुल बहादुर डाँगी, कार्यालय सहयोगी

CamScanner

प्रस्ताव गर्ने कार्यपालिकाको मिति २०८१/६/१५ को ... बैठकको निर्णय प्रमाणित गर्दछु।
२०८१/६/१५

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८१/०५/१८ गते भएका कार्यपालिका बैठकले गरेका सम्पूर्ण निर्णयहरुको समिक्षा गरियो । धेरै जसो निर्णयहरु कार्यान्वयन भएको देखियो साथै थप निर्णयहरु कार्यान्वयन गर्न तपसिल बमोजिमका निर्णयहरु गरियो ।

(क) मिति २०८१/०५/१८ गतेको निर्णय नं. ५ को (क) अनुसार श्री पीपल चौतारा माध्यमिक विद्यालय को नाममा भएको डुङ्गेश्वर गाउँपालिका वडा नं.५ वडा कार्यालय नजिक रहेको २ (दुई) वटा भवनको मिति २०८१ श्रावन महिना १ गते देखि लागु हुने गरी वार्षिक रु.1,10,000।- (एक लाख दश हजार मात्र) मा घर कट्टी गरी घरभाडा दिने गरी प्रमुख प्रशासकीय अधिकृतले सम्झौता गर्ने निर्णय गरियो ।

(ख) मिति २०८१/०५/१८ गतेको निर्णय नं. ५ को (ख) अनुसार गाउँ शिक्षा समितिको मिति २०८१/०५/३० गतेको निर्णय नं. ३ शिक्षक दरबन्दी माग सम्वन्धमा सिफारिस भएका तपसिल बमोजिमका दरबन्दी अनुमोदन गरी शिक्षक नियुक्ति गर्न विद्यालयहरुलाई अनुमति दिने निर्णय गरियो ।

तपसिल:

| क्र.सं. | विद्यालयको नाम | दरबन्दी | विषय/तह | स्रोत |
|---|---|---|---|---|
| १ | श्री सरस्वती माध्यमिक विद्यालय, वड्डरी, दैलेख | १ | अंग्रेजी (कक्षा ११-१२) | गाउँपालिका अनुदान |
| २ | श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, हनेटा, दैलेख | १ | विज्ञान (कक्षा ९-१०) | संघीय शिक्षण अनुदान |

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा शिक्षा तर्फको आर्थिक वर्ष २०८१/०८२ को वित्तिय समानिकरण अनुदान तर्फको विद्यालयसँगको साझेदारीमा विद्यालयमा रंगरोगन कार्यक्रम तर्फ तपसिल बमोजिमका विद्यालयहरुलाई तपसिल बमोजिमको अनुदान रकम दिने निर्णय गरियो ।

तपसिल:

| क्र.सं. | विद्यालयको नाम र ठेगाना | रकम रु. | कै. |
|---|---|---|---|
| १ | श्री त्रिवेणी संगम मा.वि.डुङ्गेश्वर-१ चुप्रा | ४४,०००।- | |
| २ | श्री नेपाल राष्ट्रिय प्रा.वि.डुङ्गेश्वर-१.बेलपाटा | २०,०००।- | |
| ३ | श्री आनन्द प्रा.वि. डुङ्गेश्वर-१ खाँडा | २०,०००।- | |
| ४ | श्री जनकल्याण मा.वि. डुङ्गेश्वर-२ सेर्माकोट | ४४,०००।- | |
| ५ | श्री भैरव आ.वि. डुङ्गेश्वर-२ लौंकुरी | ३०,०००।- | |
| ६ | श्री जनता प्रा.वि. डुङ्गेश्वर-२ तल्लो लौंकुरी | १५,०००।- | |

CamScanner

| | | | |
|---|---|---|---|
| ७ | श्री नेपाल राष्ट्रिय प्रा.वि.डुङ्गेश्वर-२ उम | २०,०००।- | |
| ८ | श्री शिवालय प्रा.वि. डुङ्गेश्वर-२ चिकुले | १५,०००।- | |
| ९ | श्री नारायण प्रा.वि. डुङ्गेश्वर-२ बिजयकोट | १५,०००।- | |
| १० | श्री भेरवदेवी प्रा.वि. डुङ्गेश्वर-२ मैयाचौर | २०,०००।- | |
| ११ | श्री जनचेतना प्रा.वि. डुङ्गेश्वर-३ थालिकाँडा | १५,०००।- | |
| १२ | श्री जनक आ.वि. डुङ्गेश्वर-३ थाते | ३०,०००।- | |
| १३ | श्री नेपाल राष्ट्रिय प्रा.वि. डुङ्गेश्वर-३ चौखुडा | २०,०००।- | |
| १४ | श्री सिद्धमालिका प्रा.वि. डुङ्गेश्वर-३ रातामाटा | २०,०००।- | |
| १५ | श्री नेपाल राष्ट्रिय मा.वि. डुङ्गेश्वर-३ हनेटा | ४०,०००।- | |
| १६ | श्री सरस्वती प्रा.वि. डुङ्गेश्वर-३ रेवधा | १५,०००।- | |
| १७ | श्री गीता प्रा.वि. डुङ्गेश्वर-३ मस्टाथान | १५,०००।- | |
| १८ | श्री सीता जनसहयोग मा.वि. डुङ्गेश्वर-४ अवलपराजुल | ४४,०००।- | |
| १९ | श्री पृथ्वी प्रा.वि. डुङ्गेश्वर-४ चाक्लाचौर | २०,०००।- | |
| २० | श्री जयजनता प्रा.वि. डुङ्गेश्वर-४ साल्टुडा | २०,०००।- | |
| २१ | श्री पीपलचौतारा मा.वि. डुङ्गेश्वर-५ डाडापराजुल | ४४,०००।- | |
| २२ | श्री नेपाल राष्ट्रिय आ.वि. डुङ्गेश्वर-५ पाइकोट | ३०,०००।- | |
| २३ | श्री नारायण प्रा.वि. डुङ्गेश्वर-५ पोखरीपाटा | २०,०००।- | |
| २४ | श्री सरस्वती प्रा.वि. डुङ्गेश्वर-५ भित्रिखोला | २०,०००।- | |
| २५ | श्री सरस्वती मा.वि. डुङ्गेश्वर-६ बढुरी | ४४,०००।- | |
| २६ | श्री देवीस्थान आ.वि. डुङ्गेश्वर-६ सिस्नेटार | ३०,०००।- | |
| २७ | श्री जिवन ज्योती आ.वि. डुङ्गेश्वर-६ आग्ग्न्याभिरे | ३०,०००।- | |
| २८ | श्री जनहित प्रा.वि. डुङ्गेश्वर-६ सानोबढुरी | २०,०००।- | |
| २९ | श्री गणेश प्रा.वि. डुङ्गेश्वर-६ खानिचौर | २०,०००।- | |
| | जम्मा | ७,४०,०००।- | |

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा विभिन्न मितिमा यस गाउँपालिकाबाट खरिद भई प्रयोगमा आएका [illegible] र ल्यापटप विविध कारणले सार्वजनिक सम्पति व्यवस्थापन प्रणाल[illegible] सार्वजनिक सम्पति व्यवस्थापन प्रणाली (PAMS V2) [illegible] दिने निर्णय गरियो ।

तपसिल:

| क्र. सं. | सामानको नाम | कम्पनी | मोडल | स्पेशिफिकेशन | परिमाण | खरिद मूल्य भ्याट सहित | भुक्तानी भए/नभएको |
|---|---|---|---|---|---|---|---|
| १ | एम्बुलेन्स | Mahindra and Mahindra ltd | Bolero 4WD Ambulance 25.23 cc क.प्र.०२-००१झ०१९८ | च्यासिसनं.MA1XG4G RKP5D29540 इन्जिन नं.GRP4D78836 बनेको: २०२३ मा | १ | २७११८६५।- अक्षरुपी सत्ताइसलाख एघारहजार आठसय पैसट्ठी मात्र | भएको |
| २ | मोटरसाइकल | हुलास अटो | पल्सर १५० Twin Disk (Lu 59 PA 6813) २०८२/०५/१६ को निर्णयानुसार क.प्र. ०२-००१ ब ०९४७ मा सरकारी दर्ता भएको | Frame no. MD2A11CY4KPH-37105, Engine no.DHYRKH-73915 बनेको २०२० मा | १ | २७५७३०। - अक्षरुपी दुइलाख पचहत्तर हजार सातसय तिसमात्र | नभएको |
| ३ | ल्यापटप | एपलM1 | 13" 8GB,2020 | FCCID BCGA2378 SERIAL FVFHH4ETQ5F | १ | | भएको |

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा अर्को व्यवस्था नहुन्जेल सम्मको लागि डुङ्गेश्वर गाउँपालिकामा स्वीपरको रुपमा कार्यरत श्री पार्वती बि.सि.लाई मिति २०८१ कात्तिक १ गते देखि लागु हुने गरी मासिक रु. २१,०००।– (एकाइस हजार) भुक्तानी दिने गरी २०८१ पौष मसान्तसम्म करार सम्झौता गर्ने र डुङ्गेश्वर गाउँपालिकामा मिति २०८१ असोज १ गते देखि लागु हुने गरी वडा नं. १ निवासी श्री कुशुम गौतम (शर्मा) लाई वडा नं. १ को कार्यालयमा मालिको कामकाज गर्ने र मासिक रु. १५,५००।– (पन्ध्र हजार पाँच सय मात्र) भुक्तानी दिने गरी र डुङ्गेश्वर गाउँपालिका वडा नं. ३

निवासी श्री कौशिला शाही (रावल) लाई वडा नं. ३ को कार्यालयमा मालिको कामकाज गर्ने र मासिक रु. १५,५००।- (पन्ध्र हजार पाँच सय मात्र) भुक्तानी दिने गरी २०८१ पौष मसान्तसम्म करार सम्झौता गर्ने साथै नागरिक आरोग्य सेवा केन्द्र डुङ्गेश्वर गाउँपालिकामा कार्यालय सहयोगी पदमा कार्यरत श्री हिक्मत कुमार बुढालाई मासिक रु. १८,४५०।- भुक्तानी दिने गरी मिति २०८१ श्रावन १ गते देखि २०८१ पौष मसान्तसम्म करार सम्झौता गर्न प्रमुख प्रशासकीय अधिकृत लाई अधिकार प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा डुङ्गेश्वर गाउँपालिका कृषि बिकास शाखामा कार्यरत कर्मचारी संकेत नं. २०४४५६ प्रा.स. श्री केशर बहादुर बुढाले नेपाल भित्रका विश्व विद्यालयहरुमा कृषि विषयमा कृषि स्नातक अध्ययनको लागि पूर्व स्वीकृतीको लागि निवेदन दिएकोले निजलाई कृषि स्नातक अध्ययन गर्न पूर्व स्वीकृती दिने निर्णय गरियो ।

निर्णय नं. ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस गाउँपालिकाले शिक्षक दरबन्दी मिलान सम्बन्धी गरेको निर्णय विरुद्ध उच्च अदालत सुर्खेतले गरेको निर्णय उपर यस गाउँपालिकाको चित्त नबुझि श्री सर्वोच्च अदालत काठमाण्डौंमा निवेदन गर्नुपर्ने भएकोले सो सम्बन्धी गाउँपालिकाको तर्फबाट सम्पूर्ण कामकारवाही गर्न यस गाउँपालिकाका अध्यक्ष श्री सुन्दर कुमार के.सी. लाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा प्रदेश सरकारको विशेष अनुदानबाट प्राप्त डुङ्गेश्वर गाउँपालिका वडा नं. २ को जनकल्याण माध्यमिक विद्यालयको ६ कोठे भवन निर्माण र डुङ्गेश्वर गाउँपालिका वडा नं. ४ को याउनेचौर सामुदायिक स्वास्थ्य इकाइ केन्द्रको भवन निर्माण कार्य उपभोक्ता समितिबाट गराउने निर्णय गरियो ।

निर्णय नं. ८

प्रस्ताव नं. ८ माथि छलफल गर्दा २०८१ सालको विजया दशमी शुभ दिपावली तथा छट पर्व को पावन अवसरमा डुङ्गेश्वर गाउँपालिकावासी सम्पूर्ण दाजुभाई दिदिबहिनी, जनप्रतिनिधि, नागरिक समाज, बुद्धिजिवि, शिक्षक तथा कर्मचारीहरु लगायत स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण महानुभावहरुमा डुङ्गेश्वर गाउँपालिका गाउँ कार्यपालिकाको तर्फबाट हार्दिक मंगलमय शुभकामना व्यक्त गर्ने निर्णय गरियो ।

बैठक संख्या:०४
समय:बिहान १०:०० बजे
मिति:२०८१/०७/०७ गते
आ.ब. २०८१/०८२

आज मिति २०८१ साल कात्तिक महिनाको ०७ गते बुधवारका दिन यस दुङ्गेश्वर गाउँपालिकाका अध्यक्ष श्री सुन्दर कुमार के. सी.ज्यूको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक तपसिलका पदाधिकारीहरुको उपस्थितिमा बसी तपसिल बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिति:

| | |
|---|---|
| श्री सुन्दर कुमार के.सी. | गाउँपालिका अध्यक्ष |
| श्री कलावती न्यौपाने | गाउँपालिका उपाध्यक्ष |
| श्री शुभ्रम बहादुर राना | वडा अध्यक्ष वडा नं. १ |
| श्री यम बहादुर बिष्ट | वडा अध्यक्ष वडा नं. २ |
| श्री कृष्ण बहादुर खत्री | वडा अध्यक्ष वडा नं. ३ |
| श्री नगेन्द्र बहादुर बुढा | वडा अध्यक्ष वडा नं. ४ |
| श्री पर्वलाल शर्मा जैसी | वडा अध्यक्ष वडा नं. ५ |
| श्री मान बहादुर थापा मगर | वडा अध्यक्ष वडा नं. ६ |
| श्री प्रमिला सुनार | कार्यपालिका सदस्य |
| श्री सुन्तली कुमारी बि.क. | कार्यपालिका सदस्य |
| श्री कमला बि.क. | कार्यपालिका सदस्य |
| श्री शान्ती कुमारी बुढा | कार्यपालिका सदस्य |
| श्री चन्द्रा बि.क. | कार्यपालिका सदस्य |
| श्री खिमा कुमारी उपाध्याय | कार्यपालिका सदस्य |
| श्री ललित कुमार थापा | प्रमुख प्रशासकीय अधिकृत, सदस्य सचिव |

सहयोगी कर्मचारीहरु:

श्री टंक बहादुर कार्की, लेखा अधिकृत
श्री नन्दराज रेग्मी, सूचना प्रविधि अधिकृत

प्रस्तावहरु:-

१. अघिल्लो बैठकको निर्णयहरुको समिक्षा सम्बन्धमा ।

२. प्रहरी चौकी डुङ्गेश्वर बजार डाँडापराजुल दैलेखको जग्गा खरिद र चौकी स्थानान्तरण सम्बन्धमा ।

३. नदिजन्य पदार्थको संकलन एवं बिक्रि बितरण शुल्क उठाउने सम्बन्धी कार्ययोजना २०८१ पारीत गर्ने सम्बन्धमा ।

४. आर्थिक कारोबारको आय/व्यय प्रतिवेदन सम्बन्धमा ।

५. करार कर्मचारीहरुको म्याद थप तथा अन्य कर्मचारीहरुको कार्यविभाजन हेरफेर सम्बन्धमा ।

६. डुङ्गेश्वर गाउँपालिका वडा नं. ६ को आधारभूत स्वास्थ्य केन्द्रको भवन सम्बन्धमा ।

७. घर नक्सा अभिलेखिकरण सम्बन्धमा ।

CamScanner

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८१/०६/०९ गते भएको कार्यपालिका बैठकले गरेका सम्पूर्ण निर्णयहरुको समिक्षा गरियो जसमा सबै निर्णयहरु कार्यान्वयन भएको देखियो ।

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा डुङ्गेश्वर गाउँपालिका वडा नं. ५ डाँडापराजुल मा रहेको प्रहरी चौकी डुङ्गेश्वर बजार डाँडापराजुल दैलेखको जग्गा खरिद प्रक्रिया अगाडी बढाई जग्गा खरिद गर्न डुङ्गेश्वर गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो । डुङ्गेश्वर गाउँपालिका वडा नं. ५ को कार्यालयमा मिति २०८१ कार्तिक ०६ गते बसेको सर्वपक्षीय सर्वदलीय बैठकको निर्णय अनुसार डुङ्गेश्वर गाउँपालिका वडा नं. ५ कोठियाल्ने नजिक रहेको श्री डम्बर बहादुर वि.क.को घरमा रहेको प्रहरी चौकी डुङ्गेश्वर बजार डाँडापराजुल दैलेखको चौकीलाई डुङ्गेश्वर गाउँपालिका वडा नं. ५ को वडा कार्यालय भवन नजिक रहेको श्री पीपल चौतारा माविको भवनमा स्थानान्तरण गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा ढुङ्गा गिट्टी बालुवा नदिजन्य पदार्थको संकलन तथा बिक्रि वितरणको लागि तीन पटक सिलबन्दी बोलपत्र आव्हान गर्दा पनि बोलपत्र कसैको पनि नपरेको । नदिजन्य पदार्थको संकलन तथा बिक्रि वितरणको लागि "नदिजन्य पदार्थको संकलन एवं बिक्रि वितरण शुल्क उठाउने सम्बन्धी कार्ययोजना २०८१" पारीत गर्ने निर्णय गरियो । साथै २०८१/०८२ को ढुङ्गा गिट्टी बालुवा नदिजन्य पदार्थको संकलन तथा बिक्री वितरण उक्त कार्यविधि अनुसार गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा आर्थिक वर्ष २०८१/०८२ को असोज मसान्तसम्मको आय व्यय प्रतिवेदन माथि छलफल गरियो ।

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा डुङ्गेश्वर गाउँपालिकाबाट तलब भत्ता खाने करार कर्मचारीहरु तथा शिक्षकहरुलाई मिति २०८१ कार्तिक ०१ देखि पौष मसान्त सम्मका लागि म्याद थप गर्ने निर्णय गरियो । डुङ्गेश्वर गाउँपालिकामा कार्यरत हवल्दार श्री दिपक मल्लले अनुशासहिन कार्य र मादक पदार्थ सेवन गरी कार्यालय आउने गरेको हुदा निजलाई मिति २०८१ कात्तिक ०८ गते देखि म्याद थप नगर्ने साथै रित्त हवल्दार पदमा वैकल्पिक उम्मेद्वार श्री चन्द्र बहादुर अधिकारीलाई जानकारी तथा नियुक्ति दिई कामकाजमा लगाउने निर्णय गरियो । कर्मचारीहरु कार्यविभाजन तथा हेरफेर गर्नको लागि सुशासन समितिको सिफारिसको आधारमा कर्मचारीहरुको कार्यविभाजन तथा हेरफेर गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

CamScanner

प्रस्ताव नं. ६ माथि छलफल गर्दा दुङ्गेश्वर गाउँपालिका वडा नं. ६ को आधारभूत सामुदायिक स्वास्थ्य केन्द्रको भवनको लागत स्टमेट रकम रु. १ करोड २० लाख भएको र कर्णाली प्रदेश सरकारले ३० लाख बजेट विनियोजन गरेको हुदा र उक्त रकमले भवन निर्माण गर्न अपुग हुने भएकोले थप रकम रु. ९० लाख बजेटको लागि आर्थिक मामिला तथा योजना मन्त्रालय वीरेन्द्रनगर, सुर्खेतसँग माग गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा दुङ्गेश्वर गाउँपालिकामा हालसम्म नक्सा पास नगरी निर्माण भएका पक्की घरहरुको एक चोटिको लागि मिति २०८१ कात्तिक ०८ गतेदेखि माघ ०८ गतेसम्म ३ (तीन) महिनाका लागि घर नक्सा अभिलेखिकरण गर्नको लागि सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

बैठक संख्या:०५
समय:बिहान ११:०० बजे
मिति:२०८१/०८/२० गते
आ.व. २०८१/०८२

आज मिति २०८१ साल मंसिर महिनाको २० गते बिहिबारका दिन यस डुङ्गेश्वर गाउँपालिकाका अध्यक्ष श्री सुन्दर कुमार के. सी.ज्यूको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक तपसिलका पदाधिकारीहरुको उपस्थितिमा बसी तपसिल बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिति:

| | |
|---|---|
| श्री सुन्दर कुमार के.सी. | गाउँपालिका अध्यक्ष |
| श्री कलावती न्यौपाने | गाउँपालिका उपाध्यक्ष |
| श्री ललित कुमार थापा | प्रमुख प्रशासकीय अधिकृत, सदस्य सचिव |
| श्री श्याम बहादुर राना | वडा अध्यक्ष वडा नं. १ |
| श्री यम बहादुर बिष्ट | वडा अध्यक्ष वडा नं. २ |
| श्री कृष्ण बहादुर खत्री | वडा अध्यक्ष वडा नं. ३ |
| श्री नगेन्द्र बहादुर बुढा | वडा अध्यक्ष वडा नं. ४ |
| श्री पर्वलाल शर्मा जैसी | वडा अध्यक्ष वडा नं. ५ |
| श्री मान बहादुर थापा मगर | वडा अध्यक्ष वडा नं. ६ |
| श्री प्रमिला सुनार | कार्यपालिका सदस्य |
| श्री सुन्तली कुमारी वि.क. | कार्यपालिका सदस्य |
| श्री कमला वि.क. | कार्यपालिका सदस्य |
| श्री शान्ती कुमारी बुढा | कार्यपालिका सदस्य |
| श्री चन्द्रा वि.क. | कार्यपालिका सदस्य |
| श्री खिमा कुमारी उपाध्याय | कार्यपालिका सदस्य |

सहयोगी कर्मचारीहरु:

श्री नन्दराज रेग्मी, सूचना प्रविधि अधिकृत
श्री तुलसा न्यौपाने, कार्यालय सहयोगी

प्रस्तावहरु:-

१. विगत कार्यपालिकाका निर्णयहरुको समिक्षा सम्बन्धमा ।

२. कृषि अधिकृत सातौंको नियुक्ति समर्थन सम्बन्धमा ।

३. ईन्जिनियरलाई करारमा कामकाज गराउनका लागि प्रदेश लोकसेवा आयोगमा माग गर्ने सम्बन्धमा ।

४. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत तालिम र योजना छनौट सम्बन्धमा ।

५. लक्षित वर्गको विनियोजित रकम बाडफाँट सम्बन्धमा ।

६. विपन्न तथा जनता आवास कार्यक्रम सम्बन्धमा ।

७. सडक बोर्ड नेपालको बजेट कार्यान्वयन सम्बन्धमा ।

८. अध्ययन विदा स्वीकृत सिफारिस सम्बन्धमा ।

CamScanner

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८१/०७/०७ गते भएको कार्यपालिका बैठकले गरेका सम्पूर्ण निर्णयहरुको समिक्षा गरियो जसमा सबै निर्णयहरु कार्यान्वयन भएको देखियो ।

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा प्रदेश लोकसेवा आयोग कर्णाली प्रदेशबाट सिफारिस भई आउनु भएको कृषि अधिकृत सातौं मेनुका पाण्डेय लाई मिति २०८१/०७/२५ गते दिईएको नियुक्ति समर्थन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस गाउँ कार्यपालिकाको कार्यालयमा रित्त रहेको ईन्जिनियर सातौं पदमा लोकसेवा आयोगबाट सिफारिस भई ~~नआउन्जेसम्मको~~ लागि करारमा कामकाज गराउनका लागि प्रदेश लोकसेवा आयोग कर्णाली प्रदेश सुर्खेतसँग ईन्जिनियर पठाईदिनको लागि माग गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा आर्थिक बर्ष २०८१/०८२ को प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत वडाबाट छनौट भई आएका तपसिल बमोजिमका योजनाहरु छनौट गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपसिलः

| क्र.स. | योजनाको नाम | वडा | कैफियत |
|---|---|---|---|
| १. | त्रिवेणी समसानघाट प्रतिक्षालय चौतारा निर्माण | वडा नं. १ | |
| २. | वडा नं १ मा रहेका सम्पूर्ण खानेपानी मर्मत तथा निर्माण | वडा नं. १ | |
| ३. | मटेलाखोला देखि गैरी गाउँ हुदै भर्ले पैयाचौर गोरेटो बाटो निर्माण | वडा नं. २ | |
| ४. | त्रिकुले देखि रुवाटि जाने मेलको रुख सम्म सडक बाटो निर्माण | वडा नं. २ | |
| ५. | छाना पिपलडाँडा देखि भेडाखोला आर्यघाट सम्म गोरेटो बाटो निर्माण | वडा नं. ३ | |
| ६. | चुयातडा देखि रातामाटा सम्म गोरेटो बाटो निर्माण | वडा नं. ३ | |
| ७. | गूरुङ्गाडे देउल सामुदायिक वन क्षेत्रभित्र सुख्खा पोखरी निर्माण | वडा नं. ४ | |
| ८. | कालापोखरा नारायणथान जगनाथ डाँडा सुख्खा पोखरी निर्माण | वडा नं. ४ | |
| ९. | तिदुगैरा सिचाई कुलो र नयाँगाउँ सिचाई पोखरी निर्माण | वडा नं. ५ | |
| १०. | सिम घरखेत सिचाई कुलो निर्माण | वडा नं. ५ | |
| ११. | आम्रज्यामिरे गोरेटो बाटो निर्माण | वडा नं. ६ | |
| १२. | सानोवइरी मटेला रातामाटा देखि जनहित प्रा.वि सम्म गोरेटो बाटो निर्माण | वडा नं. ६ | |

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा आर्थिक वर्ष २०८१/०८२ को लक्षित वर्ग कार्यक्रममा विनियोजन बजेट वडाहरुमा तपसिल बमोजिम बजेट बाडफाँड गर्ने निर्णय गरियो।

तपसिल:

| क.स. | वडा नं. | बजेट | कैफियत |
|---|---|---|---|
| १. | वडा नं. १ | ३,००,०००।-(तीन लाख) | |
| २. | वडा नं. २ | ३,००,०००।-(तीन लाख) | |
| ३. | वडा नं. ३ | ३,००,०००।-(तीन लाख) | |
| ४. | वडा नं. ४ | ३,००,०००।-(तीन लाख) | |
| ५. | वडा नं. ५ | ३,००,०००।-(तीन लाख) | |
| ६. | वडा नं. ६ | ३,००,०००।-(तीन लाख) | |
| | जम्मा | १८,००,०००।-(अठार लाख) | |

निर्णय नं. ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा पूर्वाधार विकास कार्यालय दैलेखको चलानी नं. २४७ मिति २०८१/०७/११ गतेको प्राप्त पत्रानुसार जनता आवास र विपन्नको घर निर्माण समन्वय समितिको बैठकले निर्धारण गरेको निर्णय यस गाउँपालिकालाई प्राप्त तपसिल बमोजिमका आवास इकाइका लागि लाभग्राही छनौटका लागि ७ (सात) दिने सूचना प्रकाशन गरिएकोमा वडाहरुबाट आएको आवास र विपन्न घर निर्माणको लागि सिफारिस भई आएका मध्ये तपसिल बमोजिमका लाभग्राहीहरु छनौट गरी सम्झौताको लागि पूर्वाधार विकास कार्यालय दैलेखलाई सिफारिस गर्ने निर्णय गरियो ।

जनता आवास कार्यक्रम तर्फः

१. बालसिंह कामि, डुङ्गेश्वर गाउँपालिका वडा नं. २, दैलेख ।

२. डम्बर बहादुर बि.क., डुङ्गेश्वर गाउँपालिका वडा नं. २, दैलेख ।

३. रिता नेपाली, डुङ्गेश्वर गाउँपालिका वडा नं. ४, दैलेख ।

४. हस्ते दमाई, डुङ्गेश्वर गाउँपालिका वडा नं. ५, दैलेख ।

५. गगन बहादुर विश्वकर्मा, डुङ्गेश्वर गाउँपालिका वडा नं. ६, दैलेख ।

विपन्न घर निर्माण कार्यक्रम तर्फः

१. दत्ते जैसी, डुङ्गेश्वर गाउँपालिका वडा नं. ३, दैलेख ।

२. जय बहादुर शाही, डुङ्गेश्वर गाउँपालिका वडा नं. ४, दैलेख ।

३. बिजु थापा मगर, डुङ्गेश्वर गाउँपालिका वडा नं. १, दैलेख ।

२०८१।८।२०

CamScanner

२०८१/८/१०

निर्णय नं. ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस दुङ्गेश्वर गाउँपालिका मा प्राप्त सडक बोर्ड नेपालले स्वीकृत गरेको बजेट १६,००,०००।- (सोह लाख) र सडक बोर्ड नियमावली २०६० को परिच्छेद (३) नियम (९) मा व्यवस्था भए बमोजिमको प्रतिशत नघट्ने गरी दुङ्गेश्वर गाउँपालिकाले २० प्रतिशत रकम यस गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को साझेदारी शिर्षकबाट व्यहोर्ने गरी तपसिल बमोजिमको सडक मर्मत सम्भार योजना कार्यान्वयनका लागि सडक बोर्ड नेपाललाई कार्यक्रम स्वीकृतको लागि पेश गर्ने निर्णय गरियो ।

<u>तपसिल:-</u>

१. दुङ्गेश्वर गाउँपालिका वडा नं. ५ भैरवस्थान देखि औंलमटेला पैयाचौर हुदै देउली सम्म सडक स्तरोउन्नती दुङ्गेश्वर गाउँपालिका वडा नं. ५ र वडा नं. २ ।

निर्णय नं. ८

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस दुङ्गेश्वर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय दैलेखमा कार्यरत कृषि सेवा, एग्री ईको एण्ड मार्केटिङ्ग समूह, कर्मचारी संकेत नम्बर २०४४५६ प्राविधिक सहायक (सहायक स्तर पाँचौं) श्री केशर बहादुर बुढा कर्णाली प्रदेश सरकारबाट पुर्व स्वीकृति लिईसकेको र मध्यपश्चिम विश्वविद्यालय कृषि संकाय रामघाटमा मिति २०८१/०८/१४ गते भर्ना भईसकेको हुँदा उक्त कोर्ष अध्ययन गर्न तलबी अध्ययन विदा पाँउ भनि निवेदन पेश गरेकाले निज कर्मचारीको अध्ययन विदा स्वीकृत भई अध्ययन गर्न गएमा यस गाउँपालिकाको कामकाजमा कुनै बाधा नपर्ने र नियमित तलब भुक्तानी गर्न सकिने हुँदा उहाँको अध्ययन तलबी विदा स्वीकृत गरिदिनहुनको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश सुर्खेतमा सिफारिस गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

CamScanner

बैठक संख्या:०६
समय:बिहान ११:०० बजे
मिति:२०८१/०९/२१ गते
आ.व. २०८१/०८२

आज मिति २०८१ साल पौष महिनाको २१ गते बिहिवारका दिन यस दुङ्गेश्वर गाउँपालिकाका अध्यक्ष श्री सुन्दर कुमार के.सी.ज्यूको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक तपसिलका पदाधिकारीहरुको उपस्थितिमा बसी तपसिल बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिति:

| | |
|---|---|
| श्री सुन्दर कुमार के.सी. | गाउँपालिका अध्यक्ष |
| श्री कलावती न्यौपाने | गाउँपालिका उपाध्यक्ष |
| श्री ललित कुमार थापा | प्रमुख प्रशासकीय अधिकृत (सचिव) |
| श्री श्याम बहादुर राना | वडा अध्यक्ष वडा नं. १ |
| श्री यम बहादुर बिष्ट | वडा अध्यक्ष वडा नं. २ |
| श्री कृष्ण बहादुर खत्री | वडा अध्यक्ष वडा नं. ३ |
| श्री नगेन्द्र बहादुर बुढा | वडा अध्यक्ष वडा नं. ४ |
| श्री पर्वलाल शर्मा जैसी | वडा अध्यक्ष वडा नं. ५ |
| श्री मान बहादुर थापा मगर | वडा अध्यक्ष वडा नं. ६ |
| श्री प्रमिला सुनार | कार्यपालिका सदस्य |
| श्री सुन्तली कुमारी वि.क. | कार्यपालिका सदस्य |
| श्री कमला वि.क. | कार्यपालिका सदस्य |
| श्री शान्ती कुमारी बुढा | कार्यपालिका सदस्य |
| श्री चन्द्रा वि.क. | कार्यपालिका सदस्य |
| श्री खिमा कुमारी उपाध्याय | कार्यपालिका सदस्य |

सहयोगी कर्मचारीहरु:

श्री नन्दराज रेग्मी, सूचना प्रविधि अधिकृत
श्री तुल्सा न्यौपाने,कार्यालय सहयोगी

CamScanner

प्रस्तावहरु:-

१. अघिल्लो कार्यपालिकाका निर्णयहरुको समिक्षा सम्बन्धमा ।

२. काजमा आएका/गएका कर्मचारीहरुको सहमति सम्बन्धमा ।

३. आ.व. २०८१/०८२ को हिउँदे गाउँसभा सम्बन्धमा ।

४. कार्यालयमा प्राप्त परिपत्र तथा निवेदनहरुको सम्बन्धमा ।

५. यस वर्षको पालिका स्तरिय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता समापन पछि विद्यालय फर्किने क्रममा भएको गाडी दुर्घटनामा घाइतेहरुको सम्बन्धमा ।

६. स्थानीय जलवायु परिवर्तन अनुकुलन कार्यक्रम (LACC) स्वीकृत सम्बन्धमा ।

७. आर्थिक वर्ष २०८१/०८२ को हालसम्म सम्पन्न योजनाहरुको सम्बन्धमा ।

८. अध्यक्ष कोष बजेटको स्रोतगत बजेट विनियोजन सिफारिस सम्बन्धमा ।

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८१/०८/२० गते भएको कार्यपालिका बैठकले गरेका सम्पूर्ण निर्णयहरुको समिक्षा गरियो जसमा धेरै जसो निर्णयहरु कार्यान्वयन भएको देखियो साथै बाँकी कार्यान्वयन हुन बाँकी निर्णयहरु तत्काल गर्ने निर्णय गरियो ।

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस डुङ्गेश्वर गाउँपालिकामा स्थायी दरबन्दी रहि कामकाजका लागि अन्यत्र स्थानीय तहमा सरुवा भई गएका तपशिल बमोजिमका कर्मचारीहरुलाई निजहरु खटिएकै स्थानमा पदस्थापनाका लागि सहमति प्रदान गर्ने र अन्यत्र स्थानीय तहबाट कामकाजका लागि यसै गाउँपालिकामा खटीइ आएका तपशिल बमोजिमका कर्मचारीहरुलाई यसै गाउँपालिकामा पदस्थापनाका लागि सहमति प्रदान गर्ने निर्णय गरियो ।

क) यस गाउँपालिकामा कामकाजमा खटिएका र पदस्थापना सहमति दिइएका कर्मचारीहरु

तपसिल:

| क.स. | कर्मचारीको नाम,थर | पद | हाल कार्यरत कार्यालय | साविकको कार्यरत कार्यालय | क.स.न. | स्थयी नियुक्ति मिति | कामकाजमा खटिएको रमना मिति |
|---|---|---|---|---|---|---|---|
| १ | रण बहादुर के.सी. | अधिकृत छैटौं | डुङ्गेश्वर गाउँपालिका, दैलेख | महाबु गाउँपालिका,दैलेख | २३६३४८ | २०७६।०९।०३ | २०७८।०९।१६ |
| २ | शान्ती न्यौपाने | सव-इन्जिनियर | डुङ्गेश्वर गाउँपालिका, दैलेख | सर्केगाड गाउँपालिका,हुम्ला | २४१९९२ | २०७६।११।२० | २०७७।०९।१२ |
| ३ | राधा बोहरा | सव-इन्जिनियर | डुङ्गेश्वर गाउँपालिका, दैलेख | चौकुने गाउँपालिका,सुर्खेत | २४२०२० | २०७६।११।१८ | २०७८।०८।२८ |
| ४ | टेकनाथ गौतम | सहायक पाँचौ | डुङ्गेश्वर गाउँपालिका, दैलेख | कमला नगरपालिका,धनुषा | २३६१०८ | २०७६।०९।०९ | २०७८।११।२९ |
| ५ | भक्त बहादुर कार्की | सहायक चौथो | डुङ्गेश्वर गाउँपालिका, दैलेख | तुर्माखाँद गाउँपिलका,अछाम | २३८५५८ | २०७६।०९।२५ | २०७८।०९।०२ |
| ६ | कुसुम | सहायक | डुङ्गेश्वर | बनगाड | २३७० | २०७६।०९ | २०७८।१२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | कुमारी शाही | चौथो | गाउँपालिका, दैलेख | कुपिन्डे नगरपालिका,सल्यान | ७६ | ।२१ | ।२१ |
| ७ | सिर्जना अधिकारी | अ.सब.इन्जिनियर | डुङ्गेश्वर गाउँपालिका, दैलेख | आठबिसकोट नगरपालिका,रुकुम पश्चिम | २४१८९६ | २०७७।०१।१२ | २०७८।०८।२६ |

ख) यस डुङ्गेश्वर गाउँपालिकाबाट अन्यत्र कामकाजका लागि खटिइ गएका र खटिएकै कार्यालयमा पदस्थापनका लागि सहमति दिइएका कर्मचारीहरु

तपसिल:

| क.स. | कर्मचारीको नाम,थर | पद | हाल कार्यरत कार्यालय | साबिकको कार्यरत कार्यालय | क.स.न. | स्थयी नियुक्ति मिति | कामकाजमा खटिएको रमना मिति |
|---|---|---|---|---|---|---|---|
| १ | अन्जु ज्ञवाली | सहायक पाँचौ | बीरेन्द्रनगर नगरपालिका,सुर्खेत | डुङ्गेश्वर गाउँपालिका, दैलेख | २३७२६८ | २०७६।०९।०७ | २०७८।१२।१५ |
| २ | अंकराज बुढा | अ.सब इन्जिनियर | खत्याड गाउँपालिका,मुगु | डुङ्गेश्वर गाउँपालिका, दैलेख | २४१५७२ | २०७६।१२।१० | २०७८।०८।२९ |
| ३ | निर्मला खड्का | अ.सब इन्जिनियर | नारायण नगरपालिका,दैलेख | डुङ्गेश्वर गाउँपालिका, दैलेख | २४१५२४ | २०७६।१२।१० | २०७८।०८।२९ |

ग) स्वास्थ्य तर्फ कामकाजमा खटिएका र पदस्थापना सहमति दिइएका कर्मचारीहरु:

| क्र.स. | कर्मचारीको नाम,थर | पद | हाल कार्यरत कार्यालय | साबिकको कार्यरत कार्यालय | क.स.न. | स्थायी नियुक्ति मिति | कामकाजमा खटिएको रमना मिति |
|---|---|---|---|---|---|---|---|
| १ | कल्पना शाही | सि.अ.न.मि. | डुङ्गेश्वर गाउँपालिका,दैलेख | भगवतीमाई गाउँपालिका,दैलेख | २२०४५० | २०७३/११/२२ | २०७९/०५/१९ |
| २ | चेतन बस्नेत | सि.अ.हे.ब. | डुङ्गेश्वर गाउँपालिका,दैलेख | पञ्चदेवल विनायक नगरपालिका,अछाम | २३२६९७ | २०७५/०७/०७ | २०७७/०९/०९ |

CamScanner

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| [illegible] | [illegible] | [illegible] | टुरिस्ट [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |
| [illegible] | [illegible] | [illegible] | टुरिस्ट [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |
| [illegible] | [illegible] | [illegible] | टुरिस्ट [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा [illegible] टुरिस्ट [illegible] [illegible] [illegible] [illegible] गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा टुरिस्ट [illegible] [illegible] गर्ने निर्णय गरियो ।

क) टुरिस्ट [illegible] [illegible] [illegible] निर्णय गरियो ।

श्री [illegible] संयोजक

श्री [illegible] सदस्य

श्री [illegible] सदस्य सचिव

ख) [illegible] निर्णय गरियो ।

ग) [illegible]

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | देवी हिरोजक | सि.अ.न.मि. | डुङ्गेश्वर गाउँपालिका,दैलेख | दुल्लु नगरपिका,दैलेख | २०८६३३ | २०७१/०८/१७ | २०७९/०५/१५ |
| ४ | लित बहादुर बुढा | सि.अ.हे.व. | डुङ्गेश्वर गाउँपालिका,दैलेख | भगवतीमाई गाउँपालिका,दैलेख | २२९५८८ | २०७४/१२/०८ | २०७९/०५/१० |
| ५ | प्रकाश के.सी. | सि.अ.हे.व. | डुङ्गेश्वर गाउँपालिका,दैलेख | आठबीस नगरपालिका,दैलेख | २३३८२२ | २०७५/०८/१४ | २०७९/०५/२९ |

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा डुङ्गेश्वर गाउँपालिकाको गाउँसभाको १६ औ अधिवेशन मिति २०८१/०९/२८ गते बिहान ११ बजे संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा डुङ्गेश्वर गाउँपालिकाको कार्यालयमा प्राप्त विभिन्न निवेदनहरु माथि तपसिल बमोजिमका कारवाही गर्ने निर्णय गरियो ।

क) डुङ्गेश्वर गाउँपालिका गाउँ कार्यपालिका कार्यालयमा आवश्यक पर्ने ऐन, कार्यविधि, निर्देशिका र मापदण्ड निर्माण तथा संशोधनको लागि तपसिल बमोजिमको तीन सदस्यीय विधायन निर्माण/संशोधन समिति गठन गर्ने र सो समितिले निर्माण संशोधन गरी विधान समितिमा मार्फत कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

श्री मन बहादुर गौतम, शिक्षा अधिकृत -संयोजक

श्री देवेन्द्र खड्का, योजना अधिकृत -सदस्य

श्री नन्दराज रेग्मी, सूचना प्रविधि अधिकृत -सदस्य सचिव

ख) प्रदेश लोकसेवा आयोग कर्णाली प्रदेशको चलानी नं. ४११ मिति २०८१/०९/२१ गतेको पत्रानुसार सिफारिस भई आउनु भएको पशु चिकित्सक सातौं दिगम्बर जोशी लाई मिति २०८१/०९/२२ गते देखि लागु हुनेगरी प्रमुख प्रशासकीय अधिकृतले नियुक्ति दिने निर्णय गरियो ।

ग) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको चलानी नं. ८८ मिति २०८१/०६/१४ गतेको सुझाव कार्यान्वयन सम्बन्धमा प्राप्त पत्र साथ अख्तियार दुरुपयोग अनुसन्धान आयोगको चलानी नं. १२६५२ मिति २०८१/०५/२५ गतेको निर्णय कार्यान्वयन सम्बन्धमा प्राप्त पत्र अनुसार, यस

गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को बजेट तथा कार्यक्रममा मदन आश्रित प्रतिष्ठानको भवन निर्माण क्रमागत मा बजेट विनियोजन भईसकेकोले प्रमुख प्रशासकीय अधिकृतले सम्झौता गरी निर्माण कार्य अघि बढाउने निर्णय गरियो ।

घ) दुङ्गेश्वर गाउँपालिका वडा नं. २ र ४ मा कार्यरत कृषि प्राविधिक कर्मचारीहरूलाई अन्य वडाहरूमा करारमा कार्यरत कृषि प्राविधिक कर्मचारी चौथो तह बराबर तलब दिने निर्णय गरियो ।

ङ) दुङ्गेश्वर गाउँपालिका वडा नं. ५ स्थित श्री ने.रा.आ.वि. पाइकोटको ६ कोठे भवनमा फर्निचर व्यवस्थापनको लागि सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेश सुर्खेतसँग रु.१०,००,०००।- (दश लाख) बजेट माग गर्ने निर्णय गरियो ।

च) दुङ्गेश्वर गाउँपालिका वडा नं. ३ को नायका टाकुरा झोलुङ्गे पुल आर्थिक वर्ष २०८०/०८१ मा बजेट विनियोजन भएकोमा वर्तमान वडा कार्यालय र गाउँपालिकाबाट उक्त पुल परिवर्तन गरी जनताको आवश्यकता अनुसार दुङ्गेश्वर गाउँपालिका वडा नं. ३ को बडिला खोलामा झोलुङ्गे पुल निर्माणको लागि कर्णाली प्रदेश सरकारलाई सिफारिस गर्ने निर्णय गरियो ।

